# ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया
प्रदेश नं. ५, नेपाल
स्था:२०७३

पत्र संख्या :२०७४/२०७५
चलानी नं. : ९४६

मिति : २०७४/११/२३

**विषय: आमन्त्रण सम्बन्धमा ।**

श्री नगरकार्यपालिका तथा नगर सभाका सदस्यहरु सबै
श्री राजनितिक दलका प्रमुख तथा प्रतिनिधीहरु सबै,
श्री क्यापस तथा विद्यालयका शिक्षकहरु सबै,
श्री गै.स.स.का कर्मचारीहरु सबै,
श्री बैंक, वित्तिय संस्था तथा सहकारी पदाधिकारी र कर्मचारीहरु सबै,
श्री उद्योग, ब्यवसायी सबै,
श्री विभिन्न संघसंस्था, संजाल तथा क्लबका पदाधिकारी तथा सदस्यहरु सबै लगायत सम्पूर्ण ठाकुरबाबा नगरबासी जनसमुदाय

प्रस्तुत विषयमा प्रत्येक वर्ष ८ मार्चका दिन महिलाहरुको हक, अधिकारका साथै उनीहरुको सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक विकासको लागि आवाज उठाउने दिनको स्मरण गर्दै विश्वव्यापी रुपमा महिला दिवस मनाउने गरिएको छ । संयुक्त राष्ट्र संघले सन २०१६-२०३० सम्मको लागि पारित गरेको दिगो विकासका लक्ष्यहरुको प्रभावकारी कार्यान्वयनका लागि यस वर्ष ग्रामिण तथा शहरी महिलाहरुको जिवनस्तरमा रुपन्तरणका लागि सक्रिय हुन **Time is Now: Rural and Urban Activities Transforming Women's Lives** भन्ने नारा सहित आह्वान गरेको छ । श्री महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको च.नं.७२ मिति २०७४।११।१५ को पत्र अनुसार तथा जिल्ला प्रशासन कार्यालय, गुलरिया, बर्दियाको च.नं २७४३ मिति २०७४।११।२०को पत्रको आदेश अनुसार आगामी २०७४।११।२४ गते तदनुसार ८ मार्च २०१८ का अवसरमा **"आर्थिक सशक्तिकरण सहितको सामाजिक जागरण: ग्रमीण तथा शहरी जीवनस्तरमा रुपान्तरण"** भन्ने नाराका साथ १०८ औं अन्तराष्ट्रिय महिला दिवस यस ठाकुरबाबा नगरपालिकाको मुख्य आयोजनामा नगरस्तरीय कार्यक्रमहरु आयोजना गरी मनाउन गईरहेको व्यहोरा जानकारी गराउन चाहान्छु । साथै उक्त कार्यक्रम तपसिलको मिति,समय र स्थानमा सञ्चालन हुने भएकाले यहाँको गरिमामय उपस्थितिका लागि अनुरोध गर्दछु ।

ओम बहादुर चुनारा
निमित्त प्रमुख प्रशासकीय अधिकृत

नि. प्रशासकिय अधिकृत

तपसिल
मिति: २०७४।११।२४
समय: विहान ११ बजे
स्थान: गणेश मन्दिर नजिकको कृषि भवन, भुरीगाँउ ।

**कार्यक्रमको आयोजक तथा सहआयोजक संस्थाहरु**

सहआयोजक
थारु समुदाय विकास मञ्च, भुरीगाँउ ।
नारी एकता शक्ति केन्द्र, बर्दिया ।
नगर उद्योग बाणिज्य संघ ।
साना किसान कृषि सहकारी संस्था लि, नेउलापुर ।
लेकबेसी बहुउद्देश्यीय सहकारी संस्था लि., भुरीगाउँ ।
स्थानीय महिला सचेतना मञ्च, भुरीगाँउ ।
जागृति महिला बचत तथा ऋण सहकारी संस्था लि. , बलाति ।

आयोजक
ठाकुरबाबा नगरपालिका १नं वडा कार्यालय ।बबई
महिला तथा बालबालिका शाखा, ठाकुरबाबा न.पा. ( सैनवार, बर्दिया) ।
विश्वासिलो बचत तथा ऋण सहकारी संस्था, लि. ( सेवा केन्द्र , भुरीगाँउ )